०४४-५५०६७५

नेपाल सरकार
# बर्दिवास नगरपालिका कार्यालय
बर्दिवास, महोत्तरी

पत्र संख्या :०७२।०७३
च.नं :-

मिति : २०७२।१२।२४

विषय : आशय पत्र पेश गर्ने सूचना ।

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट चालु आ.व.२०७२।७३ को परिषदबाट स्वीकृत तपशिल अनुसारको प्रवर्द्धनात्मक तथा लक्षित वर्ग तर्फका कार्यक्रम संचालन गर्न यस कार्यालयबाट मिति २०७२।०५।२७ र २०७२।११।०३ मा ईच्छुक गै.स.स., सामुदायिक संस्था, लक्षित वर्गका नगरस्तरीय संजाल, सहकारी संघ संस्था, सामुदायिक विधालय समेतलाई आशय पत्र पेश गर्ने बारेमा सूचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र पेश हुन आएका प्रस्तावहरुमा तपसिल कार्यक्रमहरुमा पेश हुन नआएकोले पुनः यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिल ७ दिन भित्र तपसिल अनुसारका कार्यक्रममको लागि यस कार्यालयबाट तयार गरिएको आशय पत्र भरी संस्थाको इजाजत प्रमाणपत्रको फोटोकपि,पान नं.को फोटोकपि, आ.व.२०७२।७३ संस्था नवीकरण फोटोकपि, आ.व.२०७१।७२ को कर चुक्ताको प्रमाण पत्रको फोटोकपि, आ.व.२०७१।७२ को लेखा परीक्षणको फोटोकपि, अनुभव सम्बन्धी विवरणको फोटोकपि संलग्न गरी पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गरिन्छ । आशय पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो दिनको भोलि पल्ट आशय पत्र दर्ता गर्न सकिनेछ । पेश हुन आएका आशय पत्र आंशिक रुपमा स्वीकृत गर्ने, सम्पूर्ण स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । छनौटको आधार न्यूनतम रकम अधिकतम लाभान्वित उपभोक्ताको आधार मुख्य हुनेछ ।

<u>तपशिल</u>

| सि.नं | कार्यक्रमको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | जनजाति,पिछडा वर्ग कम्प्युटर तालिम कार्यक्रम | १,५०,०००।- |
| २ | हाउस वाइरिङ जनजाति,पिछडा वर्ग | ५०,०००।- |
| ३ | सिलाई कटाइ तालिम महिला | १,५०,०००।- |
| ४ | लोकसेवा तयारी कक्षा संचालन कार्यक्रम जनजाति,पिछडा वर्ग | १,५०,०००।- |
| ५ | मोटरसाईकल -जनजाति, पिछडा वर्ग | ५०,०००।- |
| ६ | प्लम्बीङ -जनजाति ,पिछडा वर्ग | ५०,०००।- |
| ७ | कम्प्युटर तालिम -बालबालिका | १,००,०००।- |

राम कुमार कार्की
कार्यकारी अधिकृत

**पुनश्चः** एक संस्थाले एक कार्यक्रमको मात्र आशय पत्र पेश गर्न सक्नेछन् ।